संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - जाइका प्राविधिक सहयोग
शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण (जाइका कोमक्याप-२)

# जाइका कोमक्याप - २ जानकारी-पत्र

अंक ४ जुलाई, २०१७ (श्रावण, २०७४)

## यस अंकमा


- सामाजिक परिचालकहरूका लागि आधारभूत सामुदायिक मेलमिलाप तालिम
- स्थानीयस्तरमा सामुदायिक मेलमिलाप कार्यान्वयनको समीक्षा
- नयाँवर्षको क्यालेण्डरको माध्यमबाट सामुदायिक मेलमिलापको प्रचार-प्रसार
- सामुदायिक मेलमिलापसम्बन्धी अभिमुखीकरण
- सामुदायिक मेलमिलाप कार्यान्वयनको नक्शाङ्कन
- सामुदायिक मेलमिलापबाट विवाद समाधान: मेरो अनुभव
- स्थानीय विवादको सहज समाधानका लागि सामुदायिक मेलमिलाप


## सामाजिक परिचालकहरूका लागि आधारभूत सामुदायिक मेलमिलाप तालिम

जाइका नेपाल कार्यालयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सामुदायिक मेलमिलापले स्थानीय विकासमा ल्याउन सक्ने प्रभाव अध्ययनका लागि सन् २०१० देखि २०१४ सम्म कोमक्याप परियोजना सञ्चालनमा सहयोग गरेको थियो । नमुनाको रुपमा यो परियोजना सिन्धुली र महोत्तरीका तत्कालिन २० गाविसहरूमा सञ्चालन गरिएको थियो । कोमक्याप परियोजनाको शुरूवाततिर स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपि) ले साविक गाविसहरूमा सामाजिक परिचालक नियुक्ती गर्दै थियो । त्यसबेला कोमक्याप परियोजनाले गाविसका सहायक कर्मचारी समेत प्रति गाविस २८ जनाका दरले छनोट गरी विभिन्नस्तरको सामुदायिक मेलमिलाप तालिम सञ्चालन गरेको थियो । परियोजनाले साविक गाविसहरूमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्न एवं लक्षित वर्गमाझ सामुदायिक मेलमिलापको जनचेतना अभिबृद्धिका कृयाकलापहरू सञ्चालनका लागि समेत सहयोग गरेको थियो ।

कोमक्याप परियोजनाको पहिलो चरण कार्यान्वयनको अन्तसम्ममा साविकका प्रत्येक गाविसहरूमा सामाजिक परिचालकहरूको नियुक्ति भैसकेको थियो । त्यसैबखत सामाजिक परिचालकहरूलाई उपयोग गरि सामुदायिक मेलमिलापका बारेमा समेत जनचेतना अभिबृद्धि गर्नपर्ने आवश्यकता महशुस भई उनीहरूलाई सामुदायिक मेलमिलाप कार्यक्रम लागु भएको क्षेत्रको अवलोकन, अन्तरक्रिया कार्यक्रम आदि जस्ता कोपक्याप परियोजनाका क्रियाकलापहरूमा समावेश गराइएको थियो ।

२०७३ पौषमा जाइका कोमक्याप-२ ले धुलिखेलमा सिन्धुली र महोत्तरी जिल्लाको जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम आयोजना गरेको थियो र जिल्लाका परियोजना कार्यक्षेत्रका सामाजिक परिचालकहरू समेत अन्य सरोकारवालाहरू सहभागी भएका थिए । त्यसबखत सामाजिक परिचालकहरूले संघीय मामिला तथा स्थनीय विकास मन्त्रालय र जाइका कोमक्याप-२ संग उनीहरूको क्षेत्रमा सामुदायिक मेलमिलापको संस्थागत प्रवर्धनमा सक्रीय रुपमा सहयोग गर्नका लागि यससम्बन्धि तालिममा सहभागी गराउन अनुरोध गरेका थिए ।

सामाजिक परिचालकहरूको यो अनुरोधलाई मध्यनजर गर्दै मन्त्रालय तथा जाइका कोमक्याप-२ ले उनीहरूका लागि २०७३ फाल्गुण २४ देखि चैत्र १ सम्म बिराटनगरमा सामुदायिक मेलमिलाप आधारभूत तालिम आयोजना गऱ्यो । यस तालिमका लागि सहभागीहरू १८ जना मात्र हुने भएको र मोरङ जिल्लाको रंगेली नगरपालिकाको निकट भविश्यमा गरिने तालिमका सहभागीहरू धेरै हुने भएकोले रंगेली नगरपालिकाबाट ९ जना, १ जना साविक मोतिपुर गाविस मोरङका सचिव साथै साविक डाँडिगुराँसे गाविस सिन्धुलीका कार्यालय सहायक समेतलाई सहभागी गराइएको थियो । साविक बयरवन गाविस मोरङकी सामाजिक परिचालकलाई समेत तालिमको पाँचौंदिन देखि सहभागी गराई बीचमा छुटेको तालिम पूर्ण गराइयो ।

आठदिने आधारभूत सामुदायिक मेलमिलाप तालिमलाई मुख्य प्रशिक्षक डा. कुमार शर्मा आचार्य तथा प्रशिक्षकहरू भरतजंग थापा, बबिन्द्रलाल माझी र घनश्याम शर्माले सहजीकरण गर्नुभएको थियो । यस्तै अतिथी



प्रशिक्षकको रुपमा मोरङका जिल्ला न्यायाधीशहरू बिनोद पोखरेल तथा पुष्पराज थपलिया साथै जिल्ला समन्वय समिति मोरङका बरिष्ठ सामाजिक विकास अधिकृत सरोज कुमार गौतमले पनि केही सत्रहरू सहजीकरण गर्नुभएको थियो ।

तालिम कार्यक्रमको अन्तमा सहभागीहरूले आ-आफ्नो समुदायका मानिसहरूबीच शान्ति र सौहार्दताको वातावरणमा स्थानीयस्तरको सर्वस्वीकार्य विकासका लागि सामुदायिक मेलमिलापको प्रवर्धन गर्ने प्रतिवद्दता व्यक्त गरेका थिए ।



# स्थानीयस्तरमा सामुदायिक मेलमिलाप कार्यान्वयनको समीक्षा



शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण (जाइका कोमक्याप-२) ले तीनवटै परियोजना जिल्लाहरू; मोरङ, धनुषा र तनहुँका छानिएका साविकका गाविसहरूले सिफारिस गरेका सामुदायिक मेलमिलापकर्ताहरूलाई आधारभूत सामुदायिक मेलमिलाप तालिम सञ्चालनपश्चात साविक गाविस कार्यालय मातहतमा नै रहने गरी सामुदायिक मेलमिलाप केन्द्र स्थापनामा पनि सहयोग गर्‍यो ।

मोरङका साविक तीन गाविसमा २०७३ आश्विनमा र तनहुँमा मंशीरमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना भएका थिए । सामुदायिक मेलमिलाप केन्द्र स्थापना भएपश्चात सामुदायिक मेलमिलापकर्ताहरूले मेलमिलाप पद्दतीबाट विवाद समाधान गर्न शुरू गर्नुभएको छ र उहाँहरूले सामुदायिक मेलमिलाप प्रकृयाका बारेमा समुदायमा पनि प्रचार-प्रसार गर्नुभएको छ ।

सामुदायिक मेलमिलाप कार्यान्वयनको अवस्था जानकारी हासिल गर्न तथा सामुदायिक मेलमिलाप पद्धतीको प्रवर्धनका लागि सामुदायिक मेलमिलापकर्ताहरूलाई उत्साहित एवं परामर्श सहयोग गर्नका लागि जाइका कोमक्याप-२ ले २०७३ पौष ११ देखि १३ मा मोरङका तथा ३०७३ चैत्र १५ देखि १७ मा तनहुँका सामुदायिक मेलमिलाप केन्द्रमा मेलमिलापकर्ताहरू र साविक गाविसका कर्मचारीहरूको सहभागितामा समीक्षा कार्यक्रम आयोजना गर्‍यो ।

समीक्षाबाट दुवै जिल्लाका सवै सामुदायिक मेलमिलाप केन्द्रहरू क्रियाशील रहेको पाइयो । साविक गाविसहरूले सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनका लागि कोठा उपलब्ध गराएको तथा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनका लागि बजेट समेत विनियोजन गरिएको पाइयो । तनहुँ तथा मोरङका साविकका एक-एक गाविसले बजेट विनियोजन गर्न नसके पनि सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनको प्रशासनिक खर्च व्यहोर्ने प्रतिवद्दता गरेको पाइयो । धेरैजसो सामुदायिक मेलमिलाप केन्द्रहरूले मेलमिलाप पद्दतीबाट विवाद समाधान गर्न शुरुवात गरेको र केही विवादहरू सामुदायिक मेलमिलाप केन्द्रमा दर्ता भई सफलतासाथ समाधान भएका तथा केही विवादहरू सामुदायिक मेलमिलापकर्ताहरूको सहजीकरणमा सामुदायिक मेलमिलाप केन्द्र बाहिर प्रहरी चौकी वा समुदायमै पनि समाधान गरिएको पाइयो ।

सामुदायिक मेलमिलापकर्ताहरूले सामुदायिक मेलमिलापको संस्थागत विकास गर्नका लागि स्थानीयवासीहरूमा सामुदायिक मेलमिलापका फाइदाहरूको बारेमा जानकारी नभएको, स्थानीय निकायलाई सामुदायिक मेलमिलाप कार्यान्वयनका लागि बजेट विनियोजन गर्न कुनै निर्देशिका वा मार्गनिर्देशन नभएको जस्ता विद्यमान रहेका केही चुनौतीहरू पनि उल्लेख गरेका थिए ।

समीक्षाका क्रममा सामुदायिक मेलमिलापकर्ताहरू स्वयंसेवी रुपमा विवाद समाधान कार्यमा लाग्न प्रतिबद्ध रहेको तर उनीहरूले सामुदायिक मेलमिलाप पद्धतीको विकासका लागि सरकारी निकाय, राजनैतिक दल एवं समुदायबाट सकारात्मक सहयोगको अपेक्षा गरेको पाइयो ।





# नयाँ वर्षको क्यालेण्डरको माध्यमबाट सामुदायिक मेलमिलापको प्रचार-प्रसार

जाइका कोमक्याप-२ ले सामुदायिक मेलमिलापसम्बन्धी जनचेतनाका बिभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । परियोजनाले स्थानीय समाजमा सामाजिक सौहार्दता तथा विकास प्रवर्धनका लागि सामुदायिक मेलमिलापको विकास एवं विस्तारका लागि प्रचारात्मक श्रब्य-दृश्य सामाग्रीहरू तयारी गर्नमा मन्त्रालयलाई सहयोग गरिसकेको छ । यी सामाग्रीहरू सामुदायिक मेलमिलापसंग सम्बन्धित विभिन्न कार्यक्रमहरूमा सरोकारवालाहरूलाई देखाउँदै आइएको छ ।

सामुदायिक मेलमिलापको प्रचार सामाग्रीको रुपमा हालै, परियोजनाले नेपाली नयाँवर्षको क्यालेण्डर (गोजीपात्रो) तयार गरेर परियोजना क्षेत्रका स्थानीयवासीहरूमाझ वितरण गर्‍यो । यस प्रचार सामाग्रीको एकापट्टी बि.सं. २०७४ को क्यालेण्डर तथा अर्कोपट्टी सामुदायिक मेलमिलापको जानकारी, यसको महत्व तथा सामुदायिक मेलमिलाप सेवा प्राप्तगर्ने उपायहरू जस्ता सन्देशहरू उल्लेख गरिएको छ ।

कोमक्याप परियोजनाको सहयोगमा सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालित क्षेत्रमा आवश्यक मात्रामा क्यालेण्डरहरू उपलब्ध गराइयो र त्यस क्षेत्रमा सामुदायिक मेलमिलापकर्ताहरू मार्फत स्थानीय समुदायमा वितरण गरियो । यो गोजीपात्रोको माध्यमबाट सम्पूर्ण स्थानीय बासिन्दाले सामुदायिक मेलमिलापसम्बन्धी जानकारी प्राप्त गरेका छन् । यो प्रयासले स्थानीयस्तरमा रहेका सानातिना विवादहरू सामुदायिक मेलमिलापका लागि मेलमिलाप केन्द्र जाने दरमा बृद्धि हुने विश्वास गरिएको छ ।



## सामुदायिक मेलमिलापसम्बन्धी अभिमुखीकरण

कोमक्याप परियोजनाको पहिलो चरणमा सिन्धुली र महोत्तरी जिल्लामा देखिएका उपलब्धीहरूलाई मध्यनजर गर्दै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामुदायिक मेलमिलाप सेवालाई देशैभरी विस्तार गर्न प्रयास गरिरहेको छ । यसै सन्दर्भमा मन्त्रालयले सामुदायिक मेलमिलापलाई एलजिसिडिपि-२ मा एउटा क्रियाकलापको रुपमा समावेश गरेको छ। यस आर्थिक वर्षमा एलजिसिडिपि-२ ले सामुदायिक मेलमिलाप तालिम सञ्चालन एवं सामुदायिक मेलमिलाप केन्द्र स्थापनाका लागि ५० जिल्लामा बजेट विनियोजन गरेको छ । विनियोजित बजेट सम्बन्धित जिल्ला समन्वय समितिहरूमा निकासा भैसकेको अवस्थामा अधिकांश सरकारी अधिकारीहरूका लागि सामुदायिक मेलमिलाप एउटा नयाँ अवधारणा भएकोले जिल्ला समन्वय समितिमा यो कार्यक्रम कार्यान्वयनको स्पष्टता नभएको अवस्था थियो । एलजिसिडिपि-२ ले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (एलडिटिए) संग मिलेर सामुदायिक मेलमिलापको प्रशिक्षक प्रशिक्षण गर्ने व्यवस्था मिलाउँदै थियो ।

यस अवस्थामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अनुरोधमा जाइका कोमक्याप-२ ले उक्त ५० जिल्ला समन्वय समितिका सामाजिक विकासस शाखा हेर्ने अधिकृतहरूका लागि २ दिने अभिमुखीकरण कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रम बुटवल (फाल्गुण १२ र १३) र बिराटनगर (फाल्गुण १५ र १६) गरी दुई पटक सञ्चालन गरिएको थियो । कार्यक्रमका अधिकांश सहभागीहरू सामाजिक विकास अधिकृतहरू रहेका थिए तर कुनै जिल्लाहरूबाट जिल्ला समन्वय समितिको सामाजिक शाखाको काम हेर्ने जिम्मेवारी पाएका एलजिसिडिपि-२ कार्यक्रमका फोकल अफिसर; अनुगमन, मूल्याङ्कन तथा प्रशासकीय अधिकृत तथा कार्यकारी सचिवहरूसमेत रहेका थिए । बुटवलको कार्यक्रममा १६ जना र बिराटनगरको कार्यक्रममा १७ जना अधिकृतहरूको सहभागिता रहेको थियो । यसपश्चात नेपालगञ्जमा आयोजना गर्न तय गरिएको अर्को कार्यक्रम स्थानीय तहको पूनसंरचना तथा स्थानीय तहको निर्वाचनका कारण स्थगित रहेको छ ।

कार्यक्रममा मन्त्रालयका उपसचिव श्री बन्धु प्रसाद बाँस्तोला तथा शाखा अधिकृत श्री जनकराज शर्माले मेलमिलाप र सामुदायिक मेलमिलापको परिचय, नेपालमा सामुदायिक मेलमिलाप कार्यान्वयनको पृष्ठभूमी, मेलमिलाप ऐन तथा नियमावली, नगरकोट घोषणापत्र, तर्जुमाको चरणमा रहेको सामुदायिक मेलमिलाप कार्यान्वयन निर्देशिका, सामुदायिक मेलमिलापसम्बन्धि अभिलेखीकरण तथा प्रतिवेदन गर्ने फारमहरू, आदिका बारेमा प्रशिक्षण गर्नुभएको थियो । कार्यक्रममा एलजिसिडिपिम(र्फत यस वर्ष सामुदायिक मेलमिलाप शीर्षकमा बजेट विनियोजित ५० जिल्लामा सामुदायिक मेलमिलाप तालिम सञ्चाल गर्ने प्रशिक्षक उत्पादन गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निकट भविश्यमा प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था गर्दैगरेको जानकारी गराइयो ।

प्रश्तुतीकरण पश्चात सहभागीहरूलाई समूहकार्य गराई जिल्लामा सञ्चालन गरिने मेलमिलाप कार्यक्रमको कार्ययोजना तयार गर्नुका साथै परिवर्तित सरकारी संयन्त्रमा सामुदायिक मेलमिलापको संस्थागत विकासका लागि चालिनुपर्ने कदमका बारेमा पृष्ठपोषण लिइएको थियो । यसरी प्राप्त पृष्ठपोषणलाई जाइका कोमक्याप-२ ले एकत्रित गरी भविष्यमा गरिने नीति निर्माणका लागि मन्त्रालयमा पठाएको छ ।




## सामुदायिक मेलमिलाप कार्यान्वयनको नक्शाङ्कन

नेपालमा सामुदायिक मेलमिलापको कार्यान्वयन सन् २००३ बाट शुरू भयो । सन् २०१० मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जापान अन्तराष्ट्रिय सहयोग नियोग (जाइका) को प्राविधिक सहयोगमा मन्त्रालयका संयन्त्रअन्तर्गत सामुदायिक मेलमिलापलाई संस्थागत गर्नका लागि कोमक्याप परियोजना कार्यान्वयनमा ल्यायो । त्यस बखतसम्ममा विभिन्न दातृ निकायहरू तथा गैर सरकारी संस्थाहरू मार्फत धेरै स्थानीय निकायहरूमा सामुदायिक मेलमिलाप कार्यान्वयन भएको थियो तर समेटिएको क्षेत्र, सामुदायिक मेलमिलापकर्ताहरूको संख्या तथा अन्य सम्बन्धित सूचनाहरूको एकीकृत तथ्याङ्कको अभाव थियो । सन् २०१३ मा कोमक्याप परियोजनाले सर्वप्रथम सामुदायिक मेलमिलाप कार्यान्वयन गर्ने निकायहरूबाट सूचनाहरू संकलन गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सामुदायिक मेलमिलापको नक्शाङ्कन कार्यमा सहयोग गऱ्यो ।

सन् २०१६ सम्ममा सामुदायिक मेलमिलाप कार्यान्वयन भएको क्षेत्र विस्तार भई सामुदायिक मेलमिलापसंग सम्बन्धित सूचकहरूमा उल्लेख्य परिवर्तन आएको थियो । यसैले जाइका कोमक्याप-२ ले मन्त्रालयलाई सन् २०१३ मा तयार गरेको तथ्याङ्कलाई अद्यावधिक गर्न सहयोग गरी नेपालमा सामुदायिक मेलमिलाप कार्यान्वयनको नक्शाङ्कन पुस्तकको रुपमा तयार गरियो र सम्बन्धित सरोकारवालाहरूलाई वितरण गरियो ।

हालै गरिएको स्थानीय तहको पूनसंरचनाले स्थानीयस्तरको सिमानामा धेरै परिवर्तन आएको छ । यस परिश्थितीमा जाइका कोमक्याप-२ ले सामुदायिक मेलमिलापको नक्शाङ्कनकार्यलाई पुनः अद्यावधिक गर्न परियोजना क्षेत्रको नक्शाङ्कन गरेको छ ।



## सामुदायिक मेलमिलापबाट विवाद समाधानः मेरो अनुभव



मानिसहरू विवाद परेमा सहेर बस्ने वा समाधानको लागि कुनै व्यक्ति वा निकायहरू (प्रहरी वा प्रशासन) मा जाने हाम्रो समाजको चलन रहेको छ । प्रचलित तरिकाबाट विवाद समाधान गरिदिँदा एउटा पक्षले जित्ने र अर्कोले हारेको महशुस गर्ने गर्दछन् । हारेको पक्षले प्रतिशोध साँधेर फेरी अर्को निहुँमा झगडा बल्झाउने गर्दछन् । यसरी समाजमा रहेका सानातिना विवादहरू दुवैपक्षलाई चित्त बुझ्नेगरी समाधान नहुँदा हाम्रो गाउँघरको सौहार्दतामा सधैं असर गरिरहेको हुन्छ ।

गत आषाढतिर हाम्रो तत्कालिन बयरवन गाविसमा सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालन हुने जानकारी पाउँदा मेलमिलापको काम कसरी सञ्चालन होला भन्ने कौतुहलता जाग्यो । भाद्र ४ मा बिराटनगरमा जाइका कोमक्याप-२ को सहयोगमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले एउटा अभिमुखीकरण कार्यक्रम आयोजना गऱ्यो । हाम्रो सहित मोरङ जिल्लाका मोतिपुर र याङ्शिला गाविस एवं रंगेली नगरपालिकामा सामुदायिक मेलमिलाप कार्यक्रम लागु हुने र पहिल्यै केही अरु क्षेत्रमा पनि यस्तो कार्यक्रम सञ्चालन भैरहेको थाहा भयो । अभिमुखीकरणमा कार्यक्रम सञ्चालन प्रक्रिया र विवाद समाधान प्रक्रियाको बारेमा बताइयो । विवाद समाधानमा दुवै पक्षले जित्ने कुरा सुन्दा मलाई असम्भव जस्तो लागिरह्यो । भाद्र २८ देखि आश्विन ३ सम्म भेडेटारमा आठदिने आवाशीय तालिममा भाग लिएपछि दुवैजनाले जित्नेगरि विवाद समाधान गराउने तरीका थाहा पाइयो । तालिममा हाम्रो गाविसबाट तत्कालिन गाविस सचिव सहित १२ जना र साविक मोतिपुर तथा याङशिला गाविसबाट गरी जम्मा ३५ जना सहभागी भएका थियौं । तालिम सकेपछि धनकुटा जिल्ला न्यायाधीशज्यूबाट मेलमिलापकर्ताको सपथ लिएपछि त झन जिम्मेवारी बढेको महशुस भयो ।

विवाद समाधानको सद्धान्तिक ज्ञान त हासिल भयो, यो ज्ञान र सिपलाई व्यवहारमा लगाउन सकिएला कि नसकिएला- हामी सबै मेलमिलापकर्ताहरूमा अनिश्चितता थियो । २०७३ असोज ६ गते जाइका कोमक्याप-२ का टोली नेता श्री केनिचि तानाका समेत उपश्थित भएर साविक बयरवन गाविस (हाल कानेपोखरी नगरपालिका कार्यालय) मा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गराई केन्द्र सञ्चालनको लागि आवश्यक सामाग्री पनि हस्तान्तरण गरियो ।

सामुदायिक मेलमिलाप केन्द्र स्थापना भएपछि केन्द्रमा केही विवाद दर्ता हुन थाले । संयोगले दर्ताभएको पहिलो विवादको सहजीकरणमा म आफैं र अन्य २ जना मेलमिलापकर्ता बस्नुपर्ने भयो । सिकेको सिप प्रयोग गर्दै विवाद समाधान गर्दा दुवै पक्षलाई चित्त बुझ्ने गरी समाधान गराउन सकियो । विवाद समाधानबाट पक्षहरूको विवादको विषय टुङ्गिनुका साथै बिग्रेको सम्बन्धमा पनि सुधार आयो । यस पद्दतीबाट विवाद समाधान गराउँदा विवादका पक्ष तथा हामी मेलमिलापकर्ताहरू समेत साह्रै सन्तुष्ट छौं ।

यस्ता विवादहरू केही मात्रामा सामुदायिक मेलमिलाप केन्द्रमा दर्ता भई समाधान भएका छन् तर हाम्रो समाजमा धेरै विवादहरू लुकेर वा दबेर बसेका छन् । ती विवादका पक्षहरूले आफ्नो विवाद सामुदायिक मेलमिलाप केन्द्रमा लिई आएमा तालिमप्राप्त मेलमिलापकर्ताहरूले निष्पक्ष र निःशुल्क रुपमा दुवैपक्षलाई चित्तबुझ्ने गरी विवाद समाधानका लागि सहजीकरण गरिदिनेछन् । सम्बन्धित पक्षलाई यस सम्बन्धि जानकारी दिई समाजमा शान्ति तथा सद्भावको वातावरण फैलाउनु हामी सबैको कर्तव्य हो ।

**ओमा श्रेष्ठ**

सामुदायिक मेलमिलाप संयोजक, कानेपोखरी गाउँपालिका, मोरङ

## स्थानीय विवादको सहज समाधानका लागि सामुदायिक मेलमिलाप



समाजमा रहेका सानातिना विवाद समाधानमा सहजीकरण गर्नका लागि साविक गजरकोट गाविसमा नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा जाइका नेपालको सहयोगमा जाइका कोमक्याप-२ परियोजना मार्फत सामुदायिक मेलमिलाप कार्यक्रम संचालन गरिदिएकोमा हाल घिरिङ गाउँपालिकाको वडा नं. १ र २ का बासिन्दाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौं ।

परियोजनाले गत कार्तिक २८ देखि मंशीर ३ सम्म पोखरामा साविक गजरकोट गाविसका प्रत्येक वडाबाट १ जना स्थानीय अगुवाहरू, साविक गाविसका कार्यालय सहायक र सामाजिक परिचालक समेत ११ जनालाई सामुदायिक मेलमिलापसम्बन्धी आठदिनको सामुदायिक मेलमिलाप आधारभुत तालिम प्रदान गऱ्यो । तत्काले मंशीर ८ गते जिल्ला विकास समिति तनहुँ र जाइका कोमक्याप-२ को संयोजन र सहयोगमा गाविस मातहतमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना भयो । केन्द्रको उद्घाटनमा स्थानीय राजनैतिक दल तथा स्थानीय संघसंस्थाका प्रतिनिधिहरूले समेत सामुदायिक मेलमिलापको महत्व आत्मसाथ गरी सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

सामुदायिक मेलमिलाप केन्द्रको स्थापनापश्चात यस केन्द्रमा गाउँघरका केही विवादहरू दर्ता भई समाधान हुन थालेका छन् । समाधान भएका विवादहरू दुवै पक्षलाई चित्तबुझ्ने गरी समाधान हुनका साथै विवादका कारण उनीहरूको बिग्रेको सम्बन्धमा पनि सुधार आएको देख्न सकिन्छ । विवाद समाधानका लागि सहजीकरण गर्न छानिएका सामुदायिक मेलमिलापकर्ताहरूमा पनि दुवै पक्षलाई सहमत गराई विवाद समाधान गर्न सकिने रहेछ भन्ने आत्मविश्वास बढेको छ ।

हाम्रोजस्तो समाजमा घरपरिवार, छिमेकी र गाउँघरका मानिसहरूबीच सानातिना झगडाहरू परिरहेको देखिन्छ । विवाद समाधानका औपचारिक निकायहरूसम्म पुगनका लागि भौगोलिक विकटता, आर्थिक विपन्नता, चेतनाको कमीजस्ता कारणले न्यायिक निकायमा न्याय खोज्न जान नसकी विवादहरूलाई समाधानमा लैजानुको साटो विवाद सहेर एक-अर्काबीच प्रतिशोधको स्थितीमा बाँच्न विवश छन् । समाधान गराइएका केही विवादहरू पनि दुवै पक्षको सहमतिमा भन्दा पनि एक पक्षलाई फाइदा पुग्ने गरी निर्णय गरिँदा सहमतिहरूलाई कार्यान्वयन गराउन गाह्रो पर्ने गरेको देखिएको छ ।

सामुदायिक मेलमिलाप सेवाको प्रभावकारी कार्यान्वयनले समाजमा पारस्परिक सद्भाव, सामाजिक एकता र आपसी सहयोग अभिवृद्धि हुनेहुँदा सामुदायिक मेलमिलापको विकासमा हामी सबैले ध्यान दिन जरुरी देखिन्छ । हाम्रा गाउँघरमा भएका अंश, साँधसिमाना, लेनदेन, बाली नोक्सानी, घरायसी विवाद जस्ता देवानी प्रकृतिका विवादहरूलाई स्थानीयस्तरमै निशुल्क, कम समयमा दुवैपक्षलाई चित्त बुझ्ने गरी, पक्षहरूको सम्बन्धलाई अझ राम्रो बनाउने गरी मेलमिलाप प्रकृयाबाट समाधान गर्न सकिन्छ । हाम्रो समाजलाई अझ शान्त, सौहार्दपूर्ण र सहयोगी बनाई विकासमा अग्रसर हुनका लागि सामुदायिक मेलमिलाप केन्द्रको भरपुर उपयोग गनुपर्ने र यस केन्द्रको प्रवर्धनका लागि सम्बद्ध सबैले सहयोग गर्नुपर्ने देखिन्छ ।

**हिरामान श्रेष्ठ**

सामुदायिक मेलमिलाप संयोजक, घिरिङ गाउँपालिका, तनहुँ

परियोजना तथा जानकारी-पत्रका बारेमा सम्पर्कका लागि

शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण

(जाइका कोमक्याप-२)

काठमाण्डौ-११, थापाथली, नेपाल | फोन/फ्याक्स : +९७७-१-४१०२११६